# जिल्ला समन्वय समिति
मकवानपुर, हेटौंडा
बागमति प्रदेश

०५७-५२०३५० | ०५७-५२०९५० | ०५७-५२१६७३
www.ddcmakwanpur.gov.


प.सं. : २०७७/०७८
च.न: ४०

मिति २०७७/०४/२६

अपील

विश्वव्यापी महामारीका रुपमा देखापरेको कोरोना भाइरस (कोविड-१९) को जोखिम मकवानपुर जिल्लामा पनि उच्च दरले बढ्दै गएको छ । कोरोना भाईरसको प्रकोप बढ्दै गएको हुनाले मकवानपुरका सम्पुर्ण जनप्रतिनिधिहरु, राजैतिक दल, संघ/संस्था एवम् आम मकवानपुरबासी जनसमुदायमा संक्रमणबाट बच्न सावधानी र चेतना अभिवृद्धि गर्न हार्दीक अपील गर्दछु । जिल्लामा कोभिड-१९ को संक्रमण दर बढ्न थालेको र समुदायस्तरमा नै संक्रमणको विस्तार हुन सक्ने उच्च जोखिम देखिएकाले यसको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि सरकारले लिएका नीतिगत र व्यवहारिक निर्णयलाई दृढतापूर्वक पालना गर्न समेत सम्पुर्णमा आग्रह गर्दछु ।

कोरोना भाइरसको जोखिम कम गर्नका लागि एक अर्काबिच दूरी कायम गर्नु नै सबैभन्दा महत्वपूर्ण कुरा हो । त्यसैले अहिलेको परिस्थितमा कोरोना भाइरस संक्रमणको जोखिम न्यूनीकरणका लागि एकअर्कामा भौतिक दुरी कायम गर्न समेत सम्पुर्णमा अनुरोध गर्दछु । साथै कोरोना जोखिम कम गर्न र यसको नियन्त्रणका लागि मकवानपुर प्रशासनले जारी गरेको निषेधाज्ञाको पुर्ण पालना गर्दै घर बाहीर ननिस्कन समेत सम्पुर्ण मकवानपुरबासीमा आग्रह छ । सके सम्म घर बाहीर ननिस्कन र निस्कनै पर्ने भएमा भौतिक दुरी कायम गर्न, अनिवार्य रुपमा मास्कको प्रयोग गर्न आग्रह गर्दछु । मास्कको प्रयोग र हात धुने बानीले ,संक्रमणको सम्भावना कम हुने हुँदा सम्पुर्ण मकवानपुरबासीलाई सरकारको निर्णयको पालना गर्दै स्वास्थ्य सावधानी अपनाउन आग्रह छ ।

त्यस्तै जिल्लामा कुनै पनि किसिमको भेला, बैठक, खेलकुद, सास्कृतिक कार्यक्रम (विवाह, ब्रतबन्ध, पास्नी) आदि सामुहिक जमघट हुने कार्यक्रम नगर्न, घर बाहिर अनावश्यक रुपमा नहिड्न र हिड्नै परेको अवस्थामा अनिवार्य रुपमा मास्कको प्रयोग गर्न, सेनिटाईजरको प्रयोग गर्न वा साबुन पानीले बारम्बार हात धुन, भीडभाड भएको ठाउँमा नजान तथा भौतिक दुरी कायम गर्न सम्पुर्ण जिल्लाबासीमा विनम्र आग्रह गर्दछु ।

**"कोरोनाबाट आफु पनि बचौं अरुलाई पनि बचाउँ"**

रघुनाथ खुलाल
प्रमुख
जिल्ला समन्वय समिति मकवानपुर